बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# पशुपति चौलागाई स्मृति अस्पताल

चरिकोट, दोलखा

## सेवा करारमा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०४/०३**

स्वास्थ्य मन्त्रालयको स्वीकृत स्थायी दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्तिको लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई/सरूवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी देहाय बमोजिमको पदमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरू करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र उपस्थित भई राजश्व रसिद सहित **चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७८ को अनुसूची २ (दफा ७ उपदफा (१) संग सम्बन्धित )** दरखास्त फाराम भरि अस्पताल प्रशासनमा आवेदन दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | पद | सेवा | समुह | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कन्सलटेन्ट जनरल फिजिसियन | स्वास्थ्य | मेडिकल | ९ | १ | |
| २ | क. अब्स्टे/ गाइनोकोलोजिस्ट | स्वास्थ्य | अब्स/गाइने | ९ | १ | |
| ३ | कन्सल्टेन्ट पेडियाट्रिसियन | स्वास्थ्य | पेडियाट्रिक्स | ९ | १ | |
| ४ | कन्सल्टेन्ट जनरल सर्जन | स्वास्थ्य | सर्जरी | ९ | १ | |
| ५ | कन्सलटेन्ट अर्थोपेडिक्स सर्जन | स्वास्थ्य | सर्जरी/अर्थो | ९ | १ | |
| ६ | मेडिकल अधिकृत | स्वास्थ्य | ज. हे. स. | ८ | ६ | |
| ७ | डेन्टल सर्जन | स्वास्थ्य | डेन्ट्रिस्टि | ८ | १ | |
| ८ | नर्सिङ अधिकृत | स्वास्थ्य | नर्सिङ/ ज. न. | ७ | १ | |
| ९ | मेडिकल ल्याब टेक्नोलोजिस्ट | स्वास्थ्य | मे. ल्या. टे | ७ | १ | |
| १० | एनेस्थेटिक सहायक | स्वास्थ्य | विविध | ५ | १ | |
| ११ | फार्मेसी सहायक | स्वास्थ्य | फार्मेसी | ५ | १ | |
| १२ | वायोमेडिकल टेक्निसियन | स्वास्थ्य | विविध | ५ | १ | |
| १३ | ल्याब टेक्निसियन | स्वास्थ्य | मे. ल्या. टे. | ५ | २ | |
| १४ | हे. अ. | स्वास्थ्य | हे. इ. | ५ | १ | |
| १५ | रेडियोग्राफर | स्वास्थ्य | रेडियोग्राफी | ५ | २ | |
| १६ | मेडिकल रेकर्डस सुपरभाइजर | स्वास्थ्य | विविध | ५ | १ | |
| १७ | स्टाफ नर्स | स्वास्थ्य | नर्सिङ/ज. न. | ५ | १० | |
| १८ | डेन्टल हाइजेनिस्ट | स्वास्थ्य | डेन्ट्रिस्टी | ५ | १ | |
| १९ | अ. हे. व. / हे. अ. | स्वास्थ्य | हे. इ. | ५ | १ | सामान्य चिकित्सामा प्रमाणपत्र तह उतीर्ण |
| कुल | | | | | ३५ | |

१, योग्यता र अनुभव :

क ) नेपाली नागरिक,

ख ) सहायक तहको लागि १८ वर्ष र अधिकृत तहको लागि २१ वर्ष उमेर पुरा भएको,

ग ) सम्बन्धित काउन्सिलमा दर्ता भएको ( स्थायी वा अस्थायी प्रमाणपत्र ),

घ ) स्वास्थ्य क्षेत्रमा अनुभव हासिल गरेको भए सो को प्रमाणपत्र,

ङ) अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको,

च ) **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरू :** व्यक्तिगत विवरण, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित नेपाल कानुन वमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

छ) **छनोट प्रक्रिया :** अन्तर्वार्ता ( चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७८ अनुसार )

ज ) परिक्षा केन्द्र : पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट, दोलखा ।

२, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण र दरखास्त फारम यस कार्यालय बाट तथा कार्यलयको वेवसाईट www.charikothospital.bagamati.gov.np बाट उपलब्ध हुनेछ ।

३, **दरखास्त दस्तुर :** नवौ तहको लागि रू २०००/-, आठौ तह र सातौ तहको लागि रू १२००/-, पाचौँ तहको लागि रू ७००/- र चौथो तहको लागि रू ५००/- नेपाल बैंक लि. को राजश्व खाता २७२०२००००१००१००००१, राजश्व शिर्षक नं. १४२२४ र कार्यालयको कोड नं. ३७००१२३१४३ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४, **सेवा अवधि :** प्रदेश लोकसेवा आयोगबाट स्थायी कर्मचारी कर्मचारी सिफारिस भई पदपूर्ति भएमा वा सरूवा भई हाजिरी हुन आएमा करार सम्झौता स्वत अन्त्य हुनेछ । नतिजाको योग्यताक्रमको आधारमा तल्लो क्रमबाट हटाइनेछ ।

५, **आवेदन दिने अन्तिम मिति :** २०८१/०४/१७ गते बिहिवार

६, सुचनामा उल्लेख नभएका अन्य कुराको हकमा पशुपति चौलागाई स्मृति अस्पताल तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । साथै म्याद नाघी आएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

७, थप जानकारीको लागि : ०४९ ५९००३१, इमेल ठेगाना : charikothospital@gmail.com

मेडिकल सुपरीटेन्डेन्ट